# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम

## सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम: **नेपाल बीमा प्राधिकरण**

सूचना सार्वजनिक गरेको अवधि : **चौथो त्रैमासिक २०७९/८०**

## १. निकायको स्वरुप र प्रकृति:

नेपाल बीमा प्राधिकरण नेपालको बीमा क्षेत्रको नियमनकारी निकाय हो । बीमा ऐन २०७९ अनुसार नेपालको बीमा व्यबसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनिय बनाई त्यसको विकास गर्ने उदेश्यका साथ स्थापना भएको हो । नेपाल भित्रका बीमा सम्बन्धि गतिविधिलाई यस प्रधिकरणले नियमनकारी निकायको हैसियतले नियमन तथा सुपरिवेक्षण गर्दछ । बीमा व्यवसाय गर्ने बीमकहरु लगायत बीमाको क्षति मूल्याङ्कन गर्ने सर्भेयर र बीमालेख बिक्री वितरण गर्न ठूलो भूमिका खेल्ने बीमा अभिकर्ताको इजाजतपत्र जारी गर्ने र नवीकरण गर्ने कार्य यस प्राधिकरणले गर्दछ । बीमा क्षेत्रमा राष्टिय तथा अन्तराष्टिय रुपमा भएका विकास तथा परिवर्तनलाई संस्थागत गर्दै बीमा क्षेत्रलाई अझ सशक्त पार्दै जाने र बीमा क्षेत्रमा संस्थागत सुशासन कायम गर्ने उदेश्य बीमा ऐन, २०७९ ले लिएको छ ।

बीमा प्राधिकरणको गठन बीमा ऐन, २०७९ को दफा (६) अन्तर्गत देहाय बमोजिम रहने व्यवस्था रहेको छ :-

| | | |
|---|---|---|
| क | नेपाल सरकारले नियुक्त गरेको ब्यक्ति | अध्यक्ष |
| ख | सहसचिब, कानुन, न्याय तथा संसदीय व्यबस्था मन्त्रालय | सदस्य |
| ग | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| घ | जीबन बिमा व्यबसायमा ज्ञान बिशेष भएका व्यक्तिहरु मध्यबाट नेपाल सरकारले नियुक्ती गरेको व्यक्ति एक जना | सदस्य |
| ङ | निर्जीवन बिमा व्यबसायमा ज्ञान बिशेष भएका व्यक्तिहरु मध्यबाट नेपाल सरकारले नियुक्ती गरेको व्यक्ति एक जना | सदस्य |

खण्ड (घ) र (ङ) बमोजिमको सदस्य नियुक्त गर्दा कम्तीमा एकजना महिला रहने गरी गर्नुपर्नेछ र अध्यक्ष तथा खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरुको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

बीमा ऐन,२०७९ बमोजिम प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) बीमा सम्बन्धमा नेपाल सरकारको सल्लाहकारको रुपमा कार्य गर्ने,

(ख) राष्ट्रिय बीमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) बीमा कम्पनीको स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने, इजाजत पत्र प्रदान गर्ने तथा खारेजी गर्ने,

(घ) बीमा व्यवसायको लागि आवश्यक विनिमय, निर्देशिका, मार्गदर्शन तथा आदेश जारी गर्ने,

(ङ) बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने,

(च) बीमा व्यवसायसँग सम्बन्धित पूँजी तथा पूँजीकोष निर्धारण गर्ने,

(छ) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ज) बीमा व्यवसायको विकास तथा विस्तारको लागि अध्ययन, अनुसन्धान, तालिम, अभिमुखीकरण तथा सचेतना सम्बन्धी कार्य गर्ने वा गराउने,

(झ) बीमा दायित्व निर्धारण सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको यजुरी उपर निर्णय गर्ने,

(ञ) बीमाका विभिन्न पक्षहरुको बीचको विवाद निरुपण गर्ने,

(ट) बीमा व्वसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ठ) बीमा व्यवसायको विकासको लागि दक्ष जनशक्ति उत्पादन गर्ने तथा बीमा शिक्षाको प्रवर्द्धन सम्बन्धमा कार्यक्रा तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ड) बीमाको पहुँच सबै जनतासम्म पुर्याउन बीमा व्यवसाय प्रवर्द्धन सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ढ) बीमाको पहुँच न्यून आय भएका वर्गका जनतासम्म पुर्याउन लघुबीमा व्यवसायको प्रवर्द्धन गर्ने,

(ण) बीमा व्यवसायको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा विकासका लागि अनय सरकारी तथा गैरसरकारी निकायसँग समन्वय, सहकार्य गर्ने तथा सूचना आदान प्रदान गर्ने ,

(त) विदेशी मुलुकका बीमा नियमनकारी निकायका साथै अन्तर्राष्ट्रिय संघ संस्था, बीमा सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिम कार्यक्रम सञ्चालन गर्ने गराउने अन्य संघ संस्थासँग सहकार्य गर्ने,

(थ) बीमा नियमन सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थामा नेपाल सरकार वा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने तथा त्यस्ता संस्थाको सदस्यता प्राप्त गर्ने,

(द) बीमित हित संरक्षण कोषको सञ्चालन तथा अन्य आवश्यक कार्य गर्ने तथा गराउने,

(ध) बीमा सम्बन्धमा प्रदेशसँग समन्वय गर्ने,

(न) बीमा सम्बन्धी नियामक निकायको हैसियतको गर्नु पर्ने आवश्यक कार्य गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं. | पद | संख्या | कार्य विभाजन | कैफियत |
|---|---|---|---|---|
| १. | (अध्यक्ष) नेपाल सरकारबाट नियुक्त | १ | कार्यकारी प्रमुख | |

| क्र. सं. | पद | | संख्या | कार्य विभाजन | कार्यरत कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | | १ | | १ | |
| २. | निर्देशक | | ४ | महाशाखा प्रमुख | ४ | |
| ३. | उप निर्देशक | प्रशासन | १८ | शाखा प्रमुख | १८ | |
| ४. | उप निर्देशक | कानुन | ३ | शाखा प्रमुख | ३ | |
| ५. | उप निर्देशक | चार्टर्ड एकाउन्टेन्ट | ३ | शाखा प्रमुख | ३ | |
| ६. | उप निर्देशक | अईटी | १ | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | सहायक निर्देशक | प्रशासन | ४७ | | ३७ | १० रिक्त |
| ८. | सहायक निर्देशक | सुचना प्रविधि | ३ | | २ | १ रिक्त |
| ९. | सहायक निर्देशक | कानुन | ६ | | ४ | २ रिक्त |
| १०. | सहायक निर्देशक | चार्टर्ड एकाउन्टेन्ट | ३ | | ३ | |
| ११. | सहायक प्रथम | प्रशासन | २५ | | २२ | ३ रिक्त |
| १२. | चालक | प्रशासन | १ | | १ | |
| १३. | कार्यालय सहयोगी | प्रशासन | ८ | | ८ | |
| | | **जम्मा** | १२३ | | १०७ | |

**करारमा रहेका कर्मचारी सहितको सूची बीमा प्राधिकरणको वेभसाइट* https://nia.gov.np *मा उपलब्ध छ । रिक्त बाँकी पदहरु लोकसेवा आयोगको कार्यतालिका बमोजिम पदपूर्ति प्रकृया अगाडि बढाई पदपूर्ति गरिनेछ ।*

## ४. निकायबाट प्रदान गरिने सेवा

| क्र.सं. | प्राधिकरणबाट प्रदान गरिने सेवाहरु | सम्बन्धित महाशाखा | शाखा | सुरु सम्पर्क अधिकृत | जिम्मेवार अधिकृत | सेवा प्रदान गर्न लाग्ने समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | गुनासो सुनुवाइ | | गुनासो सुन्ने अधिकारी | | | ७ दिन | **ब्लक "ग"** |
| २ | बीमा दाबी उजुरी | | उजुरी | सहायक निर्देशक | उप निर्देशक | दर्ता मितिको आधारमा बीमा ऐन बमोजिम | |
| ३ | कानूनी राय/परामर्श | | कानून | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| ४ | अड्डा, अदालत, अधिकार प्राप्त निकायबाट हुने आदेश/ म्याद | कानुन तथा नियमन | कानून | उप निर्देशक | उप निर्देशक | तोकिए बमोजिम | |
| ५ | प्रबन्ध पत्र नियमावली संशोधन | | कानून | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | **ब्लक "क"** |
| ६ | धितोपत्र स्वीकृति, विवरणपत्रको दर्ता | | कानून | सहायक निर्देशक | उप निर्देशक | ३ दिन | |
| ७ | बीमकको शेयर स्वामित्व परिवर्तन/नामसारी | | नियमन | सहायक निर्देशक | उप निर्देशका | ७ दिन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | बीमकको शाखा/भ्रमण स्वीकृती | | नियमन | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| ९ | एयरमार्क | | पुनर्बीमा | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | ब्लक "ख" |
| १० | कार्यलयबाट गर्नु पर्ने भुक्तानी सम्बन्धी | | लेखा | सहायक निर्देशक | उप निर्देशक | ३ दिन | ब्लक "क" |
| ११ | विदेशी मुद्रा सटही तथा सिफारिश | सुपरीवेक्षण, कृषी तथा लघु बीमा,पुनर्बीमा/ अनुसन्धान | पुनर्बीमा | सहायक निर्देशक | उप निर्देशक | १० दिन | ब्लक "घ" |
| १२ | बाली तथा पशुपन्छी बीमालेख स्वीकृती | | कृषि | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| १३ | लघु-बीमालेख स्वीकृती सम्बन्धी | | लघु | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| १४ | बीमकको वित्तीय विवरण स्वीकृती | | गैरस्थलगत सुपरिवेक्षण | सहायक निर्देशक | उप निर्देशक | १५ दिन | ब्लक "क" |
| १५ | बीमकको लगानी स्वीकृती | | गैरस्थलगत सुपरिवेक्षण | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| १६ | बीमकको स्थिर सम्पत्ति स्वीकृती | | गैरस्थलगत सुपरिवेक्षण | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| १७ | भुक्तानीका लागि प्राप्त भएका बिलहरुको सिफारिस | मानव संसाधन तथा बीमालेख | समान्य प्रशासन | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | |
| १८ | बीमालेख स्वीकृती | | बीमालेख | सहायक निर्देशक | उप निर्देशक | ७ दिन | ब्लक "घ" |
| १९ | बीमङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृती | | बीमालेख | सहायक निर्देशक | उप निर्देशक | १५ दिन | ब्लक "ग" |
| २० | बीमा अभिकर्ता इजाजतपत्र दर्ता नवीकरण तथा प्रतिलिपि | व्यवस्थापन सूचना प्रणाली तथा इजाजत | इजाजत | सहायक निर्देशक | उप निर्देशक | १५ दिन | ब्लक "क" |
| २१ | बीमा सर्भेयर इजाजतपत्र दर्ता नवीकरण तथा प्रतिलिपि | | इजाजत | सहायक निर्देशक | उप निर्देशक | १५ दिन | |
| २२ | सूचनामूलक जानकारी | | सूचना अधिकारी | | | १५ दिन | ब्लक “घ” |

नोटः सेवा प्रदान गर्न लाग्ने समय कागजपत्र÷विवरण पूरा भएको दिनबाट गणना हुनेछ ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

बीमा प्राधिकरणको ६ वटा प्रदेशमा प्रदेश कार्यलयहरु रहेको छ। सो सम्बन्धी विस्तृत विवरण प्राधिकरणको Website:- https://nia.gov.np रहेको छ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

बुदा नं ४, नागरिक बडापत्रमा उल्लेख भएको।

**दस्तुर:**

| क्र. सं. | विवरण | दस्तुर |
|---|---|---|
| १. | सेवा शुल्क | जिवन र निर्जीवन बीमाको हकमा आर्जित बीमाशुल्कको ०.७५ प्रतिशत / लघुबीमाको हकमा ०.५ प्रतिशत |
| २. | बीमा कम्पनी दर्ता | तोकिए बमोजिम |
| ३. | बीमा कम्पनी नवीकरण | तोकिए बमोजिम |
| ४. | बीमा सर्भेयर दर्ता | तोकिए बमोजिम |
| ५. | बीमा सर्भेयर नवीकरण ( क,ख, ग,र घ) बर्ग अनुसार बार्षिक रकम | तोकिए बमोजिम |
| ६. | बीमा मध्यस्थकर्ताको दर्ता (तीन बर्षमा) | तोकिए बमोजिम |

**७. निर्णय गर्ने प्रकृया र अधिकार**

शाखाबाट उठान भएका विषयहरुमा तहगत रुपमा राय पेश भएपछि केहि विषयमा अध्यक्षज्यूबाट निर्णय हुने र केही संचालक समितिले निर्णय गर्ने। निर्णय प्रकृया नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुने।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यकारी अध्यक्ष

**९. सम्पादन गरेको कामको विवरण**

बीमा ऐन र नियमावली बमोजिम तोकिएका बीमा नियमन, सुपरीवेक्षण, बीमाको विकास, प्रवर्दन लगायतका कार्यहरु निरन्तर रुपमा गर्ने गरिएको।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:**

**सूचना अधिकारीको नाम र पद:**

निर्मल अधिकारी, उपनिर्देशक<br>सम्पर्क नं. ०१-५५२८६०४

**कार्यलय प्रमुख नाम र पद:**

श्री सूर्य प्रसाद सिलवाल, अध्यक्ष<br>सम्पर्क नं. ०१-५५२८६०४<br>(https://nia.gov.np मा फोटो र विस्तृत विवरण रहेको)<br>प्रदेश कार्यलयको हकमा Website मा विस्तृत विवरण रहेको छ।

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

| क्र. स. | ऐन  विनियम वा, नियम, निर्देशिकाको नाम | कैफियत |
|---|---|---|
| १. | बीमा एन, २०७९ | |
| २. | बीमा नियमावली, (तयारीको क्रममा रहेको) | |
| ३. | तालिम कार्यविधि,२०७२ | |
| ४. | पुनर्बीमा व्सयवसाय सम्बन्धि निर्देशिका,२०७१ | |
| ५. | लघुबीमा निर्देशिका, २०७१ | |
| ६. | बैंकर्स क्षतिपूर्ति निर्देशिका | |
| ७. | बीमक गाभ्ने तथा गाभिने सम्बन्धि निर्देशिका,२०७० | |
| ८. | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय  निवारण | |
| ९. | बाली तथा पशुपन्छी बीमा निर्देशन,२०६९ | |
| १०. | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०६९ | |
| ११. | शेयर कारोबार सम्बन्धी निर्देशन,२०६६ | |
| १२. | बीमकको मोटर बीमादर सम्बन्धी निर्देशिका,२०७३ | |
| १३. | नेपाली मृत्युदर तालिका, २०६६ | |
| १४. | बीमकको लेखा परीक्षक छनौटको आधार सम्बन्धी निर्देशन,२०६६ | |
| १५. | बीमकको एअरमार्क सम्बन्धी निर्देशन,२०६६ | |
| १६. | बीमकको सामुद्रिक बीमादर सम्बन्धी निर्देशिका,२०६५ | |
| १७. | निर्जोवन बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन,२०६६ | |
| १८. | जीबन बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन,२०६६ | |
| १९. | निर्जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५ | |
| २०. | जीबन बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन,२०६६ | |
| २१. | बीमकको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशन | |
| २२. | बीमकको वेभ साइट सम्बन्धि ब्यवस्था,२०६५ | |
| २३. | संस्थापकको शेयर सम्बन्धी निर्देशन,२०६६ | |
| २४. | जीवन बीमकको आर्थिक लेखाजोखा र दायित्वको मुल्यांकन निर्देशिका | |
| २५. | लङ फर्म अडिट सम्बन्धी निर्देशन | |
| २६. | बीमकको गैरस्थलगत निरिक्षण म्यानुअल | |
| २७. | निर्जीवन बीमकको लगानी निर्देशन(संशोधित-२०७१) | |
| २८. | जीवन बीमकको लगानी निर्देशन(संशोधित-२०७१) | |
| २९. | बीमा अभिकर्ताको आचार संहिता | |
| ३०. | बीमा सर्भेयरको आचार संहिता | |
| ३१. | अग्नि बीमा दर सम्बन्धी सामान्य नियमहरू,२०५८(परिमार्जन सहित) | |
| ३२. | Legal Provision Related to Surveyor/Agent | |
| ३३. | Onsite Inspection Manual of Insurer | |
| ३४. | Solvency Margin Directive, 2070 for Life Insurers | |
| ३५. | मोटर बिमादर सम्बन्धि निर्देशिका, २०७३ | |
| ३६. | बीमक दर्ता तथा बिमा ब्यवसाय संचालन सम्बन्धी निर्देशिका, २०७३ | |
| ३७. | बीमकको कार्याकारी प्रमुखको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०७४ | |
| ३८. | लाघुबिमा निर्देशीका, २०७१(परिमार्जित २०७५/०४/२४) | |
| ३९. | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका | |
| ४०. | सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलाप वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०७५ | |

| | | |
|---|---|---|
| ४१. | सम्पत्ति बिमा निर्देशिका,२०७५ (जारी मिति: ०७५/०९/०८) | |
| ४२. | बीमकको लगानी निर्देशिका,२०७५ जारी मिति:२०७५/११/२९) | |
| ४३. | बीमक गाभ्ने,गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ (परिमार्जित २०७६/०१/१५) | |
| ४४. | जिबन बिमा व्यसाय गर्ने बिमकको बिमाङ्किय मुल्यांकन सम्बन्धी निर्देशिका, २०७६ (जारी मिति: २०७६/११/०८) | |
| ४५. | बीमकले सहकार्यमा बीमा व्यवसाय संचालन गर्दा अपनाउनपर्ने नीतिगत मार्गदर्शन, २०७६ | |
| ४६. | शाखारहित घुम्ती बीमा व्यवसाय सेवा सम्बन्धी मार्गदर्शन, २०७६ | |
| ४७. | लघु बीमा निर्देशिका, २०७६(पर्मार्जित मिति:२०७६/११/०८) | |
| ४८. | RISK MANAGEMENT GUIDELINES FOR INSURANCE COMPANY, 2076(जारी मिति: २०७६/११/१४) | |
| ४९. | बीमकको सुचाना प्रविधि मार्गदर्शन, २०७६ | |
| ५०. | बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ | |
| ५१. | निर्जीवन तथा पुनर्बिमा व्यवसाय गर्ने बिमकको बिमाङ्किय मुल्यांकन सम्बन्धी निर्देशिका, २०७७ | |
| ५२. | पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा संचालन) सम्बन्धी निर्देशिका, २०७६ | |
| ५३. | कोरोना बीमा मापदण्ड, २०७७ | |
| ५४. | जीवन बीमा व्यवसाय गर्ने बिमकको बिमाङ्किय मुल्यांकन सम्बन्धी निर्देशिका, २०७७ | |
| ५५. | कोरोना बीमालेख – Corona Insurance Policy (Amendment Date: 2077/05/28) | |
| ५६. | कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ | |
| ५७. | निर्जिबन बीमा व्यसाय गर्ने बिमकहरुको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका , २०७७ | |
| ५८. | पुनर्बीमाबीमा व्यसाय गर्ने बिमकहरुको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका , २०७७ | |
| ५९. | कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ | |
| ६०. | संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ | |
| ६१. | संस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८ | |
| ६२. | पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ | |
| ६३. | जीबन बीमालेख सम्बन्धी निर्देशिका, २०७८ | |

ऐन, नियम, विनियम, निर्देशिका सम्बन्धी विस्तृत विवरण प्राधिकरणको Website मार्फत हेर्न सकिनेछ ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधावधिक विवरण**

संलग्न बमोजिम

**१३. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण**

गत आ. व. मा बीमा प्राधिकरणबाट प्रदेश सरकार एंव स्थानीय सरकारहरुसँग बिमा सम्बन्धी ...................अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरिएको ।

**१४. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

बीमा प्राधिकरणको आधिकारिक वेभसाईट https://nia.gov.np

**१५. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

बिभिन्न बैदेशिक संस्थाहरुबाट तालिम तथा प्राविधिक सहयोग भइरहेको ।

**१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**:

पत्रकार लगायत विभिन्न व्यक्ति र संस्थाले टेलिफोन, ईमेल र पत्र मार्फत माग गरेका सूचनाहरु यथासक्य छिटो र माय गरेको ढाँचामा दिने गरिएको।

**१७. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- बीमा प्राधिकरणको आधिकारिक वेभसाईट https://nia.gov.np
- बीमा प्राधिकरणको बार्षिक प्रतिवेदन (बीमा प्राधिकरणको आधिकारिक वेभसाईटबाट हेर्न सकिने)
- बीमा समाचार र विचार प्रत्रिका प्रकाशन हुने गरेको।
- समय समयमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरु तथा सन्चार माध्यमबाट सूचनाहरु प्रकाशन हुने गरेको।